नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

पत्र संख्या :
च.नं. :

सिंहदरबार, काठमाडौं
नेपाल ।

## विज्ञप्ति

सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यू समक्ष मिति २०८१।०४।१३ गते नेपाल सरकारका सबै मन्त्रालयका सचिवज्यूहरूले आआफ्नो मन्त्रालयको विद्यमान अवस्था तथा भावी कार्ययोजनाको सम्बन्धमा प्रस्तुतीकरण गर्नुभएकोमा मिति २०८१।०४।१५ गते सम्माननीय प्रधानमन्त्रीज्यूले सबै मन्त्रालयका माननीय उपप्रधानमन्त्री, माननीय मन्त्री र सचिवज्यूहरूलाई मन्त्रालयबाट सम्पादन गर्नुपर्ने काम कारवाहीको विषयमा निर्देशन दिनुभएको छ।

त्यसक्रममा सम्माननीय प्रधानमन्त्रीज्यूले देशका विद्यमान समस्याहरू समाधान गरेर विकास गर्ने र सुशासनको अनुभूति गराई जनतामा आशा जगाउने उद्देश्यले दुई ठूला राजनीतिक दल मिलेर वर्तमान सरकार गठन भएको हुँदा यस सरकारलाई असफल हुने छुट नभएको र सरकारको सफलताको निम्ति राजनीतिक र प्रशासनिक दुवै नेतृत्वको प्रतिबद्धता आवश्यक रहेकोले कर्तव्यबोधका साथ अघि बढ्न आग्रह गर्नुभयो।

राष्ट्रसेवक कर्मचारीहरूले राष्ट्रिय लक्ष्य प्राप्तिका लागि नेपालको संविधान, ऐन नियम एवम् विधिसम्मत तवरले कार्यसम्पादन गर्दा डराउन नपर्ने उल्लेख गर्नु हुँदै वहाँले आफ्नो कर्तव्यपालनाको सिलसिलामा गरेको कामप्रति सरकार उत्तरदायी हुने र नतिजाको आधारमा कर्मचारीहरूको मूल्याङ्कन गरिने तथा त्यसमा कुनै आग्रह पूर्वाग्रह नराखिने हुँदा ढुक्क भएर **समृद्ध नेपाल सुखी नेपालीको** दीर्घकालीन सोच हासिल हुने गरी कार्य गर्न, शान्ति सुरक्षाको अवस्थालाई सुदृढ गरी भयरहित वातावरण सिर्जना गर्न, समन्वयात्मक रूपमा विकास निर्माणका कार्य गरी पूँजीगत खर्च बढाउन तथा आम नागरिकले विकासको प्रतिफल प्राप्त गर्नेगरी देश र जनताप्रति समर्पित भई कार्य गर्न निर्देश गर्नुभयो।

सेवा प्रवाहका क्रममा ज्येष्ठ नागरिक, शारीरिक रूपमा अशक्त र कमजोर वर्गलाई लाइनमा बस्न नपर्ने गरी तत्काल सेवा दिन, सेवा प्रवाहका क्रममा कुनैपनि किसिमको हैरानी र दुख दिने तथा नागरिकमा निराशा उत्पन्न हुने काम नगर्न, कार्यसम्पादन सम्झौता बमोजिम समयमै प्रभावकारी एवम् नतिजामूलक तवरले कार्य गर्न, जिम्मेवारी पन्छाउने प्रवृत्तिको अन्त्य गरी आआफ्नो कार्य कानून सम्मत ढंगले समयमै सम्पादन गर्न निर्देशन दिनुभयो।

निरपेक्ष गरिबीको रेखामुनि रहेका जनताका जैविक र मानवीय आवश्यकता पूरा गरी केही वर्षभित्रै उल्लेख्य रूपमा गरिबी घटाउने संकल्पका साथ काम गर्न, सन् २०३० भित्र दिगो विकास लक्ष्य हासिल गर्नेगरी सबै निकाय र क्षेत्रबाट सार्थक प्रयास गर्न तथा सीमा नियमन, मानव अधिकारको रक्षा, जलवायु परिवर्तन अनुकूलन, सम्पत्ति शुद्धीकरण भ्रष्टाचार नियन्त्रणका क्षेत्रमा थप

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं. २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

प्रभावकारिता देखिने गरी काम गर्न तथा व्यवसायीहरूले काम गरिसकेको तर भुक्तानी नपाएको गुनासोको सन्दर्भमा व्यावसायिक क्षेत्रका गुनासा तत्काल सम्बोधन गर्न र भविष्यमा गुनासो आउनै नदिने गरी कार्य गर्न निर्देशन दिनुभयो।

सम्माननीय प्रधानमन्त्रीज्यूले बजेट र कार्यक्रममा समावेश नभएका नयाँ योजनाका लागि स्रोत सुनिश्चितता माग्ने प्रवृत्तिको अन्त्य गरी आर्थिक अनुशासनको कडाइका साथ पालना गर्न तथा राज्यकोतर्फबाट उपलब्ध गराइएको अनुदानको सदुपयोग भए नभएको अनुगमन गर्न र व्यक्तिगतभन्दा समूहगत अनुदानतर्फ केन्द्रित हुन, राजस्वको दर नबढाई दायरा बढाउन, करछली र भन्सार छलीलाई कडाइका साथ रोक्न, मौद्रिक नीति पछिको उत्साहलाई कायम गर्नेगरी सम्पूर्ण अर्थतन्त्र चलायमान बनाउन, निर्माण भइसकेका भौतिक संरचनाहरू यथाशीघ्र सञ्चालनमा ल्याउन, हवाई र सडक दुर्घटना रोकथाम गर्न एवम् पहिरोबाट सडकमा क्षति नहुने गरी सडक निर्माण र मर्मत सम्भार गर्ने कुरामा ध्यान दिन समेत निर्देश गर्नुभयो।

अन्त्यमा, वहाँले सरकार गठन भएको एक सय दिनमै उत्साहवर्द्धक रूपमा नतिजा देखिने गरी कार्ययोजना बनाई काम गर्न र नतिजा प्राप्तिका लागि नीति, कानुन वा प्रक्रियामा सुधार गर्नुपर्ने भए सो समेत गर्न निर्देशन दिंदै यो सरकार दूरदृष्टि राख्ने, कुरा बुझ्ने, संकल्प र प्रतिबद्धता भएको स्थिर सरकार रहेको हुँदा ढुक्क भएर काम गर्न आग्रह गर्नुभयो।

नेपाल सरकारका श्रीमान् मुख्यसचिव लीलादेवी गड्तौलाज्यूले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा माननीय उपप्रधानमन्त्रीज्यू, माननीय मन्त्रीज्यू, सम्माननीय प्रधानमन्त्रीज्यूका सल्लाहकारज्यू, राष्ट्रिय योजना आयोगका उपाध्यक्षज्यू र सचिवज्यूहरूको उपस्थिति रहेको थियो।

कार्यक्रमको अन्त्यमा मुख्यसचिवज्यूले सचिवज्यूहरूको तर्फबाट सम्माननीय प्रधानमन्त्रीज्यूको निर्देशन कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो।

२०८१ श्रावण १५ गते, मङ्गलबार

प्रेमप्रसाद आचार्य
प्रवक्ता